नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- ८९

मितिः-२०८१/०५/२५

ने.सं.११४४ जलाथ्व ०७

विषयः- FEWIMS प्रणालीमा आवद्धता सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालयको च.नं. २१८, मिति २०८१/०५/१८ को FEWIMS प्रणालीमा आवद्धता सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ।

**नोटः- माग बमोजिमको विवरण श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालयको ईमेल ठेगाना (admin@feb.gov.np) मा उपलब्ध गराई दिनुहोला।**

..........................

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाण्डौ ।
फोन नं. ०१-५३२०३११
०१-५३२०४३३ ५६७
फ्याक्स : ०१-५३२०५४३
E-mail :info@feb.gov.np

पत्र संख्या :- ०८१/०८२
चलानी नम्बर :- ११८

मितिः २०८१/०५/१८
११४४ गुँलागा ३० मंगलवार

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ८६५
दर्ता मिति:- ५/२८

विषयः FEWIMS प्रणालीमा आवद्धता सम्वन्धमा ।

वैदेशिक रोजगार नियमावली, २०६४ (पाँचौं संशोधन) को नियम २८ को उपनियम ७ बमोजिम वैदेशिक रोजगार बोर्डको सचिवालयले प्रदान गर्ने कल्याणकारी सेवाहरु सम्वन्धी निवेदन स्थानीय तहमार्फत समेत दिन सकिने व्यवस्था गरेको छ। यसका लागि स्थानीय तहलाई कल्याणकारी सेवाहरु उपलव्ध गराउन प्रयोगमा आएको FEWIMS (वैदेशिक रोजगार कल्याणकारी सूचना प्रणाली) मा आवद्ध हुन यस अघि नै पत्राचार गरिएकोमा केही स्थानीय तहले फोकल पर्सन तोकी FEWIMS प्रणालीको Access/User Credential को Access लिई कार्य सम्पादन गरिरहेका छन भने कुनै स्थानीय तहले अझैसम्म सो कार्य नगरेको हुंदा तालिम तथा सेवा प्रवाहको कार्यसम्पादन प्रयोजनका लागि सिष्टम चलाउन यस अघि फोकल पर्सन नतोकेका स्थानीय तहले फोकल पर्सन तोकी निजको नाम, सम्पर्क नम्बर, इमेल ठेगाना सहितको पत्र यस सचिवालयको इमेल ठेगाना admin@feb.gov.np मा पठाइ स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रबाट निवेदन संकलन, सफ्टवेयर प्रविष्टि एवम सूचना सञ्चार तथा सहजीकरण गरी बोर्ड सचिवलायसंग सम्पर्क एवम समन्वयमा कार्यसम्पादन गर्ने व्यवस्थाका लागि स्थानीय तहहरुमा पत्राचार गरिदिनुहुन अनुरोध छ।

(टिकाराम ढकाल)
निर्देशक

<u>बोधार्थ तथा कार्यार्थ</u>
श्री स्थानीय तह (७५३) सबै- उपरोक्तानुसार कार्यसम्पादनका लागि अनुरोध छ।

श्री स्थानीय तह समन्वय
५/२८